जाडो मौसममा चीसोबाट बचौं
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय ‘क’ वर्ग
eprateekdaily.com


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २० गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 05 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९७

## दलितहरूले गढीमाई मेलाको सिनो बहिष्कार गर्ने

प्रस, परवानीपुर, २० मङ्सिर/

पर्सा, बारा र रौतहटका दलितहरूले यसपटकको गढीमाई मेलामा दिइने राँगाको बलिमा सिनो बहिष्कारको घोषणा गरेका छन् । सिनो बहिष्कार समिति पर्सा, बारा र रौतहटका प्रचार प्रमुख तेजनारायण रामले दलित अगुवाहरूको बैठक बसेर सिनो बहिष्कारको निर्णय गरिएको बताए ।

उनले सिनो बहिष्कारको निर्णय गढीमाई मेलाको समयमा दलितहरूबाट हुने गरेको तर विभिन्न कारणले प्रभावकारी नभएको स्वीकारे । उनले पञ्चवर्षीय मेलामा बलि चढेका राँगाको सिनो दलित समुदायले लुटेरसमेत लाने गरेकामा पछिल्लो समयदेखि यसमा थोरै भएपनि कमी आएको दाबी गरे । उनले यसपटक यो अभियानलाई सार्थकता प्रदान गर्नका लागि तीनवटै जिल्लाका दलित समुदायलाई श्रव्यदृश्यको माध्यमबाट पनि सचेत पार्दै आएको बताए ।


दलित अगुवाहरू । तस्वीरः प्रतीक

हाम्रो प्रयास यसपटक पनि जारी छ र शिक्षाको पहुँचमा रहेका दलितहरूको यसमा सहभागिता नहुने उनले दाबी पनि गरे । चमार तथा दलित समुदायको हकअधिकारको पक्षमा काम गर्ने भीम आर्मी नेपालका संयोजक सुनील रामले आफ्नो समुदायमा परिवर्तनको प्रयास जारी रहेको र यसले चाँडै प्रभाव पार्ने बताए ।

उनले यस अघिको मेलामा आफ्नो समुदायका मानिसहरूले बासको बार तोडेर सिनो लगेको स्मरण गर्दै यसपटक सो कार्य नदोहरियोस् भनेर मेला मूल आयोजक समितिसँग पनि यसबारेमा छलफल भएको बताए । दलित महिला सङ्घ पर्साकी अध्यक्ष नीला रामले शिक्षाको अभावले चमार र दलित समुदायबाट सिनो उठाउने कार्य हुँदै आएको बताइन् ।

उनले अव्यवस्थित तरीकाबाट राँगाको छाला निकालिने र त्यस्तो मासु दलितहरूले खादा स्वास्थ्यका लागि पनि हानिकारक हुने सन्देशमूलक जनचेतना जगाउने कार्य भइरहेको बताइन् । मेला मूल समितिले राँगाको छाला र मासु ठेक्काबाट बिक्री गर्दै आइरहेको छ ।

तर गत वर्ष साढे सात हजार राँगा र यसपटक अनुमानित ११ हजार राँगाको बलि दिने योजना रहेकामा बलि चढाइएका सबै राँगाका छाला र मासु व्यवस्थित तरीकाबाट सङ्कलन गर्न सकिने वातावरण नबन्दा ठेकेदारहरू र मेला समितिबाट राँगाको सिनो लुटाउने अनि ठेकेदारबाट लाखौं क्षतिपूर्तिको मागदाबी गराइ सोको भुक्तानी गरी अनियमितता हुने काम पनि नौलो होइन ।

## लामिछानेविरुद्ध पर्सा अदालतबाट पनि पक्राउ पुर्जी जारी

प्रस, वीरगंज, १९ मङ्सिर/

सहकारीको रकम ठगी मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं पूर्वगृहमन्त्री रवि लामिछानेले पर्सामा पनि बयान दिन आउनुपर्ने भएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक किशोर लम्सालले पर्सा जिल्ला अदालतबाट लामिछानेविरुद्ध बुधवार पक्राउ पुर्जी जारी भएको बताए । उनले पर्सा प्रहरीले अदालतबाट लामिछानेलाई बयानका लागि पक्राउ पुर्जी जारी गर्न आदेश माग गरेको र अदालतले आज सो आदेश दिएको बताए ।

वीरगंज महानगरपालिका–१० आदर्शनगरस्थित सानोपाइला बचत तथा ऋण सहकारी संस्थाबाट ग्यालेक्सी टेलिभिजनको नाममा ऋण प्रवाह भएको र सो टेलिभिजनसँग आबद्ध लामिछानेविरुद्ध पक्राउ पुर्जी जारी भएको बुताइएको छ । सहकारी प्रकरणमा पूर्वडिआइजी छविराज जोशीको घरमा छापामारी हुँदा त्यहाँबाट बरामद प्रमाणमा लामिछानेको पनि संलग्नता देखिएको र सोही आधारमा निजमाथि पक्राउ पुर्जी जारी भएको हो ।

लामिछानेलाई अहिले चितवनको सहारा सहकारीको रकम हिनामिनाको आरोपमा बयान लिने कार्य भइरहेको छ । पोखराको सूर्यदर्शन सहकारीको रकम हिनामिनाको आरोपमा पक्राउ पुर्जी जारी भएर लामिछानेलाई कात्तिक २ गते पक्राउ गरिएको थियो । त्यसै दिनदेखि उनलाई रूपन्देहीको बुटवलस्थित सुप्रिम सहकारी, काठमाडौं र चितवनको सहारा सहकारीमा बयानका लागि लग्ने कार्यले निरन्तरता पाउँदै आएको छ ।

अहिले लामिछानेमाथि सम्पत्ति सुदृढीकरणको मुद्दा पनि लागेकोले उनीलाई ९० दिनसम्म हिरासतमा राखेर मुद्दा चलाउन सक्ने अधिकार प्रहरीलाई छ र यही कारणले लामिछानेलाई एकपछि अर्को सहकारीको मुद्दा लाग्ने र अदालतबाट पक्राउ पुर्जी जारी भएर बयान लिने कार्य भइरहेको छ । उनको दल रास्वपाले भने अध्यक्ष लामिछानेलाई सरकारले पूर्वाग्रही भएर कारबाही प्रक्रिया अगाडि बढाएको आरोप लगाउँदै आएको छ ।

वीरगंज महानगरपालिकाका सहकारी महाशाखा प्रमुख सुनील कर्णले सानोपाइलाको रकम हिनामिनाविरुद्ध वीरगंजका बचतकर्ताहरूले महानगरमा निवेदन दिंदा सानोपाइलाले उपलब्ध गराएका प्रमाणहरूमा लामिछानेको संलग्नता पुष्टि नभएको तर जोशीको घरबाट प्रमाणहरू बरामद भएपछि निजविरुद्ध पक्राउ पुर्जी जारी भएको हुन सक्ने बताए ।



महानगरमा परेको उजूरीमा सानोपाइलाले बचतकर्ताहरूको ८८ करोड रकम हिनामिना गरेको देखिएको उनले बताए । महानगरपालिकाले सानोपाइलालाई सङ्कटग्रस्त घोषित गरिसकेको छ । सानोपाइलाविरुद्ध पर्सा जिल्ला अदालतमा १३ जनाविरुद्ध यस अघि नै पक्राउ पुर्जी जारी भएको र उनीहरूमध्ये केहीले अदालतले तोकेको धरौटीबापतको रकम बुझाएर साधारण तारेखमा छन् ।

### लामिछानेलाइ आजै राति वीरगंज ल्याईंदै

रवि लामिछानेलाई चितवनबाट बुधवार राति वीरगंज ल्याउने तयारी रहेको प्रहरी स्रोतले जनाएको छ । चितवनमा उनको समर्थक बढी भएकाले राति वीरगंज ल्याउने तयारी गरिएको प्रहरीले बताएको छ ।

लामिछानेको बासको लागि जिप्रका, पर्साको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक कक्षनजीकको कोठा तयार गरिएको छ । सामान्य थुनुवाभन्दा फरक ढङ्गबाट उनलाई थुनुवा कक्ष बनाएर राखिन लागेको स्रोतले बताएको छ ।

## बहुदरमाई नपाका स्वास्थ्यकर्मी बस्ने आवास जीर्ण

प्रस, वीरगंज, १९ मङ्सिर/

बहुदरमाई नगरपालिका–९ विश्रामपुरस्थित स्वास्थ्यकर्मीहरूको आवास भवन जीर्ण र काम नलाग्ने अवस्थामा पुगेको छ । स्वास्थ्यकर्मीका लागि बनाइएको सो आवासीय भवन बनेको ५५ वर्ष पुगिसकेको छ । २०२६ सालमा बनेको आवासीय भवन मर्मतसम्भारको अभावमा अहिले बस्नै नसकिने अवस्थामा पुगेको छ ।



पुरानो स्वास्थ्य चौकी र हालको बर्थिङ सेन्टरमा कार्यरत एकजना कार्यालय सहयोगीसहित तीनजना स्वास्थ्यकर्मी बस्दै आएका छन् । बर्थिङ सेन्टर रहेको भवन ठीकठाक भएपनि आवासीय भवन भने जीर्ण भइसक्दा पनि नगरपालिकाले मर्मतसम्भार र पुनर्निर्माणका लागि गतिलो प्रयास गरेको छैन ।

चौकी प्रमुख प्रमोदप्रसाद कुर्मीले आवासीय भवन जीर्ण भएको र जुनसुकै बखत ढल्न सक्ने अवस्थामा रहेको बताए । छतको प्लास्टर झरिरहेको छ, वर्षामा छत चुहिएर बसिनसक्नु हुन्छ, मर्मतसम्भार वा पुनर्निर्माणका लागि पालिकालाई भन्दाभन्दा थाकिसकेको बताए । स्वास्थ्यकर्मी बिनुकुमारी सहनीले अरूको उपचार गर्दै आएकामा कुनै दिन आफ्नै उपचार गराउनुपर्ने अवस्था आउन सक्ने बताइन् ।

उनले जीर्ण आवासमा बस्नुपर्दा राति निद्रा पनि नलाग्ने बताइन् । सबै कोठाका छतका प्लास्टर भत्किरहेका छन्, साढे पाँच दशक अघि निर्मित आवासीय भवन मर्मत सम्भार पनि गरिएको छैन, नयाँ निर्माण गर्ने कुरा परै जाओस् ।



बहुदरमाई नपाले भवन निर्माण हुने जग्गा नम्बरी हुनैपर्ने सरकारले निर्णय गरेको तर बर्थिङ सेन्टर र आवासीय भवन ऐलानी जग्गामा भएकाले समस्या भएको बताएको छ । पालिकाले नम्बरी जग्गा यकीन गरी सोही स्थानमा पक्की भवन निर्माणको लागि प्रयासरत रहेको जानकारी गराएको छ ।

विगतमा बर्थिङ सेन्टरबाट मासिक पाँचजना महिला सुत्केरी हुने गरेकामा चालू आवको कात्तिक मसान्तसम्म २१ जना महिला सुत्केरी भएको बताइएको छ ।

## सुरक्षित गर्भपतन र प्रजनन स्वास्थ्यसम्बन्धी अभिमुखीकरण

प्रस, वीरगंज, १९ मङ्सिर/

वीरगंज महानगरका विद्यालयहरूमा सुरक्षित गर्भपतन, बृहत्तर यौनिकता शिक्षा र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम बुधवारदेखि शुरू भएको छ ।

युवा संस्थाद्वारा विगत तीन वर्षदेखि सञ्चालित युथ एक्सेस परियोजना अन्तर्गत वीरगंज महानगरमा आजदेखि चौथो वर्षको अभिमुखीकरण शुरू गरिएको युवा संस्थाका कार्यक्रम संयोजक आशु सर्राफले बताए । उनले युथ एक्सेस परियोजना अन्तर्गत प्रत्येक वर्ष १० जना युथ च्याम्पियनहरू चयन गरिने र उनीहरूलाई विशेष तीलम दिएर विद्यालयस्तरमा यौनिकता र स्वास्थ्यसँगै सुरक्षित गर्भपतनसम्बन्धी चेतना फैलाउने कार्य गर्दै आएको बताए ।



उनले परियोजना अन्तर्गत पहिलो दिन वीरगंज महानगरपालिका–२१ परवानीपुरस्थित ज्ञानसागर एकेडेमीमा अध्ययनरत कक्षा ९ र १० का विद्यार्थीहरूलाई सुरक्षित गर्भपतन, बृहत्तर यौनिकता शिक्षा र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अभिमुखीकरण गरिएको बताए ।

वीरगंजमा सञ्चालित युथ एक्सेस परियोजनाले सुरक्षित गर्भपतन र यौनिकतासम्बन्धी जानकारी अभिवृद्धि गर्दै युवाहरूलाई सशक्त बनाउने उद्देश्यले काम गरिरहेको बताउँदै सर्राफले परियोजनाका माध्यमबाट विद्यार्थीहरूमा यौन तथा प्रजनन स्वास्थ्यप्रतिको बुझाइ विस्तार हुने र यसले उनीहरूको स्वस्थ भविष्य निर्माणमा टेवा पुऱ्याउने अपेक्षा गरिएको जानकारी गराए ।

उनले अमेरिकी संस्थाको सहयोगमा वार्षिक २५ वटा संस्थागत र सामुदायिक विद्यालयमा सुरक्षित गर्भपतन, बृहत्तर यौनिकता शिक्षा र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरिने लक्ष्य रहेको र यस वर्षको अभिमुखीकरण आजदेखि शुरू भएको बताए । विद्यालयहरूले अनुकूल समय प्रदान गरेपछि मासिक तीनवटासम्म कार्यक्रम गर्दै आएको उनले बताए ।

कार्यक्रममा युथ च्याम्पियनहरू सुस्मिता चालिसे, रुचि पटेल, अङ्गीकृत कर्ण, नवसिन तनवीर मिकरानी, आफ्ताब आलम, सुजीत गुप्ता, मुसाफिर गद्दी, पवनकुमार साह, प्रिन्सकुमार साह, राजन झालगायत विद्यार्थीहरूलाई लिङ्ग र लैङ्गिकताको भिन्नता, लिङ्गका प्रकार, प्रजनन स्वास्थ्य, महीनावारी सुरक्षालगायतका विषयमा प्रशिक्षण दिइएको थियो । कार्यक्रम विद्यालयका प्रतिनिधि राज महतोको अध्यक्षतामा भएको थियो ।

**विचारसार र सूक्तिहरू**

**यदि तिमी सफल हुन चाहन्छौ भने, तिमीले एउटा नियमको हमेशा मर्यादा राख्नुपर्छ–आफैँसँग झूटो नबोल।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com

# ग्रामीण क्षेत्रमा शिक्षक अभाव

**पर्सा जिल्लाको ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षकको अभाव रहेको छ। विद्यालयमा विज्ञान, गणित, सामाजिक, नेपाली, अङ्ग्रेजीजस्ता मुख्य विषयका शिक्षक अभाव छ। मावि तहका शिक्षक अभाव हुँदा प्राथमिक र निम्न माध्यमिक तहका शिक्षकहरूले मावि तहका विद्यार्थीलाई पढाउनुपर्ने बाध्यता छ। यस्तो अवस्थामा विद्यार्थीको विषयगत दक्षतामा कमीकमजोरी अनुभव गरिरहेका छन्, जसले उनीहरूको भविष्यलाई नकारात्मक असर पुऱ्याउने निश्चित छ। शिक्षक व्यवस्थापनका लागि हरेक वर्ष शिक्षा मन्त्रालय र स्थानीय सरकारबीच जिम्मेवारी बाँडफाँट हुन्छ। तर यी दुवै पक्षले आफ्नो जिम्मेवारी भने पूरा गर्दैनन्। फलस्वरूप ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यालयहरूमा विषयगत शिक्षक अभाव हुन्छ। विद्यालयहरूमा शिक्षक दरबन्दी निर्धारण गर्दा विद्यार्थी सङ्ख्याको आधारमा मात्र ध्यान दिइन्छ। तर विषयगत शिक्षक आवश्यकतामा प्राथमिकतातर्फ मन्त्रालय र पालिका दुवैको ध्यान जाँदैन। कतै शिक्षकको अभाव छ भने कतै आवश्यकताभन्दा बढी छन्।**

**स्थानीय तहले विद्यालय व्यवस्थापनको जिम्मेवारी पाए पनि शिक्षक दरबन्दी मिलानमा प्रभावकारी भूमिका देखाएको छैन। पर्सालगायत अन्य जिल्लामा पनि यस्तै समस्या छ। अर्कोतर्फ ग्रामीण विद्यालयमा पढाउन रुचि राख्ने शिक्षकको सङ्ख्या कम छ। अधिकांश शिक्षक सुविधासम्पन्न र शहरी क्षेत्र रोज्छन्। फेरि बीचमा राजनीति पस्छ। शिक्षकले राजनीतिक दलको सदस्यता नपाउने भने पनि उनीहरू कुनै न कुनै रूपमा दलनिकट हुन्छन्। स्थायी शिक्षक बनेपछि सुगमतर्फ पठाउन दलीय आधारमा प्रशासनिक संयन्त्रमाथि दबाब जाने गरेको छ। शैक्षिक सत्र शुरू हुनु अघि शिक्षक व्यवस्थापन हुनुपर्छ। तर आठ महीना बितिसक्दा पनि विषयगत शिक्षक व्यवस्थापन हुन नसक्नु सङ्घीय शिक्षा मन्त्रालयकै असफलता हो। शिक्षक व्यवस्थापन एवं शैक्षिक सुधारको अभावमा सामुदायिक विद्यालयहरूमा घट्दो शैक्षिक गुणस्तर एवं विद्यार्थी सङ्ख्यामा गिरावट आउँदा पनि राज्यको ध्यान जान सकेको छैन। समस्या पर्सामा मात्र होइन। मुलुकका धेरैजसो ग्रामीण क्षेत्र, विशेषतः मधेस प्रदेशका जिल्लाहरू, कर्णाली र सुदूर पश्चिम प्रदेशका दुर्गम क्षेत्र साथै हिमाली जिल्लाहरूमा पनि विषयगत शिक्षक अभाव सामान्य बनेको छ।**

**विद्यालय व्यवस्थापनको प्रमुख जिम्मेवारी पाएको स्थानीय तहले शिक्षक दरबन्दी मिलान र विषयगत शिक्षक व्यवस्थापनमा ध्यान दिन सकेको छैन। शिक्षक नियुक्ति, सरुवा र व्यवस्थापनका लागि शिक्षा मन्त्रालयले नीतिगत स्पष्टता ल्याउन नसक्नु समस्या हो। तर मन्त्रालयले गतिछाडा चाल देखाए पनि स्थानीय सरकारले दरबन्दी मिलानमा पक्षपात नगरी निश्चित मापदण्ड बनाएर कडाइका साथ लागू गर्ने हो भने समस्या न्यूनीकरण हुन सक्छ। ग्रामीण क्षेत्रप्रतिको उदासीनता र असुविधासँग सम्झौता नगर्ने शिक्षकहरू पनि छन्। उनीहरूको यही प्रवृत्तिले पनि समस्या झन् बढाएको छ। सुधार गर्ने नै हो भने विद्यार्थी सङ्ख्याको आधारमा मात्र नभई विद्यालयको आवश्यकता र विषयगत शिक्षकको माग अनुसार दरबन्दी निर्धारण गर्नुपर्छ। शिक्षा मन्त्रालयले स्थानीय तहलाई शिक्षक व्यवस्थापनका लागि स्पष्ट निर्देशिका दिनुपर्छ। अपायक तथा ग्रामीण क्षेत्रमा काम गर्न चाहने शिक्षकका लागि विशेष प्रोत्साहन कार्यक्रम ल्याइनुपर्छ। अतिरिक्त सुविधा र पदोन्नतिको अवसरले शिक्षकहरूलाई ग्रामीण क्षेत्रमा काम गर्न उत्प्रेरित गर्न सक्छ।**

# माटोसित सर्वसाधारणको सरोकार

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**वास्तवमा माटोको संरक्षणबारे नीति निर्माताहरूको पनि ध्यानाकृष्ट हुनु आवश्यक छ। माटोलाई किसानको मात्र सम्पत्ति मानिनुहुन्न। माटो सबैको साझा सम्पत्ति हो, राष्ट्रको सम्पत्ति हो। माटोको संरक्षण र यसको गुणस्तरको विकासबारे सबै पक्ष संवेदनशील हुनु आवश्यक छ।**

सामान्यतया माटो भन्नाले हामी जे बुझ्छौं, त्यो पहिलो बुझाइ हो। माटो त जमीन हो। जमीनसित माटोलाई जोड्ने हो भने अन्य अर्थ पनि निस्कन्छन्। माटोलाई भूमि मान्ने हो भने पनि करीब उही अर्थ आउँछ। तर सोझोरूपमा माटोले जे अर्थ बुझाउँछ, त्यो जमीनको माथिल्लो भाग हो। धेरैले माटोको सम्बन्ध कृषिसित जोडेर बोध गर्ने गरेका छन्। यसलाई अन्यथा लिन सकिन्न। अनेक अर्थमध्ये जुन बढी प्रयोग र प्रचलनमा हुन्छ, त्यसैलाई सर्वसाधारणले बढी बुझ्ने गर्छन्।

यदि उब्जाउ हुने जमीनको दृष्टिकोणले हेर्ने हो भने जमीनको माथिल्लो भागको माटोलाई चार भागमा बाँडिएको पाइन्छ। सबैभन्दा राम्रो माटोलाई अब्बल भनिन्छ। सबैलाई अब्बलको अर्थ थाहै छ। जुन सबैभन्दा राम्रो छ वा सबैभन्दा उब्जाउ माटो छ, अब्बल भयो। दोस्रो दर्जाको उब्जाउ माटोलाई दोयम भनिन्छ। उब्जाउ नै हुन्छ तर पहिलो दर्जाको उब्जाउ माटोभन्दा केही कमजोर हुन्छ। बालीनाली राम्रो लाग्ने भएपनि माटोको तेस्रो प्रकारलाई सिम भनिन्छ। यसलाई कम उब्जाउ हुने जमीनको दोस्रो तह पनि भनिन्छ। धेरै उब्जाउ हुने जमीनको दृष्टिकोणमा तेस्रो र उब्जाउ नहुने जमीनको दृष्टिकोणले दोस्रो दर्जाको जमीन हो, सिम। उब्जाउको दृष्टिकोणले सबैभन्दा कमजोर जमीन चाहिं चाहार हो। यसलाई सबैभन्दा कमजोर जमीन मानिन्छ।

माटोको मूल्यको सम्बन्धमा माटोमा फल्ने बालीको दृष्टिकोणले मात्र निर्धारण हुँदैन। एउटा उदाहरण रामायणको सन्दर्भमा पनि आउँछ। कतिपयले बारम्बार उल्लेख गर्ने गरेका छन् कि लङ्कामा जब रामले रावणमाथि विजय प्राप्त गरे, तब लक्ष्मणले लङ्काको भव्यतालाई हेरेर इच्छा व्यक्त गरे रे– लङ्काको राजा हुन पाए कति धेरै सम्पत्ति प्राप्त हुन सक्थ्यो। सुनको नगरी लङ्का आफैंमा निकै सम्पन्न थियो। लक्ष्मण सम्भवतः लोभिएका थिए तर रामले लक्ष्मणलाई सम्झाउनको लागि माटोको एक डल्ला देखाएर सोधे रे– जन्मभूमि अयोध्याको माटोको यो डल्लो र स्वर्ण नगरी लङ्कामा कुन चाहिं ठूलो हो? अनि लक्ष्मणले दाजु रामको भावनालाई बुझेर उक्त इच्छा परित्याग गरेका थिए रे। अनि सम्झनुपर्ने यो पनि महत्त्वपूर्ण छ कि रामले लङ्कामाथि विजय प्राप्त गर्नुभन्दा पहिले नै लङ्काको राजाको रूपमा विभीषणलाई घोषणा गरिसकेका थिए।

माटोको मूल्य सर्वसाधारण मानिसहरूमध्ये किसानलाई सबैभन्दा बढी थाहा हुन्छ। किसानलाई माटोसित खेल्ने पेशा पनि मानिएको छ। हरेक किसानलाई माटोको अवस्था पनि थाहा हुन्छ। माटो देखेर त्यसको अवस्था बुझ्न सक्ने क्षमता किसानमा हुन्छ भन्ने कुरो सबैले बुझेका छन्। किसानलाई माटोसित निकै नजीकको नाता मानिन्छ। किसानहरूले माटोको अध्ययन गरी वा माटोको अवस्था बुझेर कुन बाली लगाउने भन्ने निर्णय गर्छन्। कहिल्यै माटोको बारेमा बाह्य वा सैद्धान्तिक अध्ययन नगरी केवल व्यवहारकै कारण माटो र बालीको सम्बन्ध गाँस्ने काम किसानले नै गर्छन्। अनि किसानहरूले सोही माटोको अध्ययन गरी त्यहाँबाट मानिसको जीवनलाई जोगाउने अन्न उत्पादन गर्छन्।

माटोले मानिसलाई जीवन दिन्छ। माटोमैं सबै कुरा ठडिएका छन्। जे जति ठूल्ठूला र अग्ला भवनहरू छन्, ती सबैको आधार नै माटो हो। माटोमैं सबै गाउँ र शहर बसेका छन्। माटोमा नै रूखबिरुवा र वनहरू उम्रिएका छन्। पहाड उभिएको पनि माटोमैं हो। नदीहरू दौडेको पनि माटोमैं हो र समुद्रले पनि गहिराइको आकार ग्रहण गरेको माटोमैं हो। एउटा उखान प्रचलनमा छ– कतनो चिरई उडे आकाश, फेर करे धरतीके आस (चरो जतिसुकै आकाशमा उडे पनि अन्ततः धरतीकै आस गर्छ)। यसरी माटोविना कुनै सभ्यताको कल्पना गर्न सकिन्न।

यति हुँदाहुँदै पनि माटोको संरक्षण वर्तमानको आवश्यकता हो। माटोको संरक्षणको आवश्यकता किन परेको होला? माटोलाई पनि खतरा छ र? यदि यी प्रश्नको जवाफको खोजी गर्ने हो भने धेरै हदसम्म माटोको स्वास्थ्य र स्थितिबारे बुझ्न सकिन्छ। धेरैले भन्ने गरेका छन्, माटोलाई जचाएर बाली लगाउनुपर्छ। खेतमा जथाभावी मल हालेको कारण माटोको उब्जाउपनमा कमी आइरहेको छ। उब्जाउपनमा ह्रास आउनु भनेको माटोको गुणस्तर कमजोर हुनु हो। माटोको गुणस्तर कमजोर हुँदा माटोले दिने उत्पादनको गुणस्तरमा पनि कमी आउनुलाई स्वाभाविक मान्नुपर्छ। कतिपयले बेलाबेलामा यो उल्लेख गर्ने गरेको पाइन्छ कि कतिपय देशमा पूर्णतः अर्गानिक उत्पादन हुन्छ, मानिसलाई खानको लागि। अर्थात् मानिसले खाने अन्न, दाल र तरकारीको उत्पादनमा रासायनिक मल र विषादीको उपयोग गरिन्न। यो कहाँसम्म सत्य हो, आफ्नै ठाउँमा छ तर हाम्रो परिवेशमा भने पत्याउन अलिक सहज छैन। त्यस किसिमको उत्पादनलाई उपभोग गर्दा मानिसले जुन तत्त्व शरीरलाई प्राप्त हुनुपर्ने हो, सोही प्राप्त गर्छ। शरीरमा अनावश्यक तत्त्वहरू नजाँदा शरीरको प्रतिरोधक क्षमता बलियो हुन्छ। यसैले मानिसलाई धेरै किसिमको रोग लाग्न पाउँदैन। फेरि जब रासायनिक मल र विषादीको उपयोग खेतीबारीमा नगरिंदा वातावरणमा पनि यिनीहरूको प्रभाव रहँदैन। यसरी वातावरण, माटो र उत्पादन सबै अर्गानिक हुँदा मानिस दीर्घजीवी हुनु स्वाभाविक हो र मानिसलाई रोग नलाग्नु तथा स्वास्थ्योपचारमा लाग्ने खर्च कम हुनुलाई स्वाभाविक मान्न सकिन्छ। त्यस्ता देशका मानिसलाई निकै कम औषधिको सेवन गर्नुपर्छ रे।

माटोको सम्बन्ध किसानसित मात्र हुने होइन रहेछ। मानिसले खाने अन्न र पर्यावरणसित हुने भएकाले माटोको संरक्षणको सरोकार साझा हुनुपर्छ। माटोलाई, माथिको सन्दर्भ अनुसार, रासायनिक मल र विषादीले प्रभावित पार्ने हुन्छ। तर यतिमात्र होइन, भूक्षय तथा मरुभूमीकरणले पनि माटोको गुणस्तरलाई प्रभाव पारिरहेका हुन्छन्। हाम्रो परिवेशमा विचार गर्ने हो भने वनजङ्गल कम हुँदै जानु तथा चुरेको जथाभावी दोहन अनि खोला र नदीको दुरुपयोगले पनि माटोलाई प्रभावित पारिरहेको छ। नदीजन्य पदार्थलाई जथाभावी निकालेर माटोको गुणस्तरलाई प्रभाव पारिरहेको कुरो पनि सुनिनमा आउँछ। साथै जथाभावी सडक निकाल्ने र ढलान गर्ने कार्यले पनि जमीनलाई प्रभाव पारिरहेको सुनिन्छ। प्लास्टिकको अनियन्त्रित प्रयोगले पनि जमीनलाई प्रभावित पारेको छ। अन्य कारण पनि होलान्। कुन कुन कारणले जमीन र माटोलाई कमजोर पारिएको छ, यसको अध्ययन हुनु जरुरी छ। अध्ययन हुनु जति आवश्यक छ, त्यसभन्दा बढी जरुरी चाहिं माटोको गुणस्तर कायम राख्न र माटोको गुणस्तरलाई बढाउनको लागि पनि सम्भव भएसम्म शीघ्र कदम चाल्नु आवश्यक देखिन्छ।

माटोसित सर्वसाधारणको सरोकार हुनुपर्ने हो। माटोलाई जथाभावी उपयोग गर्न सकिन्छ भन्ने आम धारणा रहेको छ। माटो पनि सम्पत्ति हो र माटोरूपी सम्पत्तिको संरक्षण तथा सदुपयोग वर्तमान र भविष्य दुवैको लागि बहुमूल्य उपाय हो भन्ने चेतना व्यवहारमा कहीं कतै पनि देख्न पाइन्न। पहिले धर्मभीरुहरूले भन्ने गर्थे– पृथ्वीले सारा कुरा सहने गर्छिन्। तर अहिले यो देखिन थालिएको छ कि पृथ्वीको सहने क्षमता छ। माटोमा पनि जति सहने क्षमता छ, त्यत्ति मात्र सहन सम्भव छ। कतिपय अवस्थामा माटोले प्रदूषणको भार सहन सक्ने अवस्था छैन। मुख्यगरी शहरी प्रदूषण प्लास्टिकजन्य पदार्थको भार माटोले सहन नसकेर माटो र पानी तथा पानी र माटो प्रदूषित भइरहेको अवस्था देखिन्छ। अनि हरेक वर्ष कति लाख टन माटो बाढीको माध्यमले बहेर समुद्रसम्म पुगिरहेको छ? एक दशक पहिले कति माटो समुद्रमा पुग्थ्यो र अहिले एक दशकपछि कति माटो पानीमा बगेर समुद्रमा पुगिरहेको छ? पहिलेभन्दा अहिले कत्तिले फरक छ? यसरी समुद्रमा माटो बगेर गइरहँदा हाम्रो माटोमा कुनै फरक परेको छ? अनि समुद्रमा माटो बगेर जान दिनुभन्दा संरक्षण गर्नु आवश्यक छ? कसरी गर्न सकिन्छ होला वर्षायाममा माटोको संरक्षण? किन माटो सधैं बगेर जान दिने वा माटो बगेर जान दिने कि नदिने? यी र यस्ता विषयको आवश्यकता तथा सान्दर्भिकताबारे हामी गम्भीर हुने कहिले?

वास्तवमा माटोको संरक्षणबारे नीति निर्माताहरूको पनि ध्यानाकृष्ट हुनु आवश्यक छ। माटोलाई किसानको मात्र सम्पत्ति मानिनुहुन्न। माटो सबैको साझा सम्पत्ति हो, राष्ट्रको सम्पत्ति हो। माटोको संरक्षण र यसको गुणस्तरको विकासबारे सबै पक्ष संवेदनशील हुनु आवश्यक छ। गम्भीर हुनु जरुरी छ।

# भोजपुरी प्रतिष्ठानको पुनर्गठन, अध्यक्षमा अनीता साह

प्रस, वीरगंज, १९ मङ्सिर/

भोजपुरी प्रतिष्ठान वीरगंजको कार्यसमिति बुधवार पुनर्गठन भएको छ। वीरगंज महानगरपालिका-८ वडा कार्यालयमा बुधवार अनीता साहको अध्यक्षतामा भोजपुरी प्रतिष्ठान, वीरगंज सात सदस्यीय समिति पुनर्गठन भएको हो। समितिका सदस्यहरूमा आमोदप्रसाद गुप्ता, सलमा खातुन, सर्वजीत पासवान, मुकेश महतो नुनिया, अमित अग्रवाल र अजय चौरसिया रहेका छन्।




भोजपुरी प्रतिष्ठान वीरगंजका संस्थापक अध्यक्ष एवं साहित्यकार उमाशङ्कर द्विवेदीको गत २०७९ चैत १७ गते निधन भएपछि प्रतिष्ठानको गतिविधि निष्क्रिय भएको थियो।

वीरगंज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णको अध्यक्षता भएको आजको भेलामा भोजपुरी प्रतिष्ठान वीरगंज पुनर्गठन गरिएको थियो।

नगरप्रमुख राजेशमान सिंहले पुनर्गठित समितिका अध्यक्ष, सदस्यहरूलाई प्रमाणपत्र वितरण गरेका थिए। सो अवसरमा नगरप्रमुख सिंहले भोजपुरी भाषा, संस्कृति र साहित्यलाई उजागर गर्ने, जनजनमा पुऱ्याउने तथा विकास गर्दै एउटा छुट्टै पहिचान बनाउने उद्देश्यमा प्रतिष्ठानको ठूलो भूमिका रहने विश्वास व्यक्त गरे।

उनले भोजपुरी भाषाको उन्नयन र संरक्षणमा प्रतिष्ठानमा विभिन्न विधामा आबद्ध भएका कार्यसमितिका सदस्यहरूले इमानदारीपूर्वक भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको बताए।

नगरप्रमुख सिंहले वीरगंजका विद्यालयहरूमा हप्तामा एक दिन भोजपुरी भाषा साहित्य, संस्कृतिबारेमा कक्षा सञ्चालन गर्ने योजनामा रहेको बताए। उनले भोजपुरी भाषा, संस्कृति झल्काउने सङ्ग्रहालय स्थापना गरिने पनि बताए। उनले भोजपुरी भाषा अन्य भाषा जस्तै सम्मानजनक तथा अन्तर्राष्ट्रियस्तरमा बोलिने भाषा भएको चर्चा गर्दै यसको उत्थान तथा विकासका लागि युवाहरूको आकर्षण बढाउनुपर्ने आवश्यकता औंल्याए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# धान काट्न मजदूरको सट्टा रिपर मेशीन

जलेश्वर (महोत्तरी), १९ मङ्सिर/रासस

सदरमुकाम जलेश्वरसँग जोडिएको दक्षिणवर्ती क्षेत्रका किसानका लागि



(धान काट्ने) रिपर मेशीन उपयोगी साबित भएको छ।

धान भित्र्याउन आफैंले सञ्चालन गर्न सकिने हाते ट्याक्टरजस्तो सानो मेशीन अहिले जलेश्वर र वरपरका किसानका लागि उपयोगी सिद्ध भएको जलेश्वर नगरपालिका–९ का किसान जीतेन्द्र सिंहले बताए।

चिनियाँ कम्पनीद्वारा आविष्कार गरी बजारमा ल्याइएको रिपर मेशीन डिजलबाट सञ्चालन हुने उनले बताए।

उक्त मेशीनले एक घण्टामा १० कट्ठामा लगाइएको धानबाली काट्ने गरेको जलेश्वर नगरपालिका–८ का अर्का किसान अरुण पाण्डेले बताए। रिपर मेशीन आउनुभन्दा अगाडि किसानले उक्त खेतमा लगाएको धान काट्न दुई/तीन दिन लाग्ने गरेको बताए।

रिपर मेशीन प्रयोग हुनु अघि धान भित्र्याउन धेरै जनशक्ति आवश्यकता पर्ने गरेकामा हाल एकजना मेशीन चलाउने र एकजना काटिएको धान जम्मा गर्ने श्रमिक भए पुग्ने मेशीन प्रयोग गरेको जलेश्वर नगरपालिका–६ का किसान दिनेश मण्डलले बताए।

रिपर मेशीनले श्रम र समयको बचत हुनुका साथै धान भित्र्याउने बेलामा मजदूर अभाव हुने समस्या समाधान भएकाले किसानले आफ्नो बिघौंबिघामा लगाएका धान भित्र्याउन रिपर मेशीन वरदान साबित भएको जलेश्वर नगरपालिका–२ का किसान अनिल साहले बताए। रिपर मेशीनको मूल्य स्थानीय बजारमा रु दुई लाख १५ हजार पर्ने उनले जानकारी दिए।



**प्याजको बेर्ना:** दाङ देउखुरीको लमही नगरपालिका–४ स्थित घोराहीको रझेना चोकमा प्याजको बेर्ना बिक्री गर्न ग्राहक कुर्दै सेमरहवाका स्थानीय महिला। तस्बिरः कुलदीप न्यौपाने/रासस

# डेङ्गी सङ्क्रमण घट्दो क्रममा

चितवन, १९ मङ्सिर/रासस

जिल्लामा डेङ्गीको सङ्क्रमण घट्दै गएको छ। यहाँका अस्पतालमा उपचार गर्न आउने बिरामीमध्ये दैनिक आठदेखि १० जनासम्ममा डेङ्गीको सङ्क्रमण देखिएको जनस्वास्थ्य कार्यालय, चितवनले




जनाएको छ।

कार्यालयका प्रमुख दिनेश रूपाखेतीका अनुसार डेङ्गी सङ्क्रमण तीव्र फैलिएको समयमा दैनिक ३० जनामा सङ्क्रमण पुष्टि हुने गरेकामा कात्तिकको अन्तिम सातादेखि यो सङ्ख्या घट्दै गएको हो। उनले भने, "प्रयोगशालाका अनुसार अहिले आठदेखि १० जनामा मात्र सङ्क्रमण देखिन थालेको छ। यसले सङ्क्रमण दर घट्दै गएको सङ्केत गर्छ।"

गत वर्ष कात्तिकसम्म मात्रै देखिएको डेङ्गी अहिले मङ्सिरमा पनि देखिएकाले सतर्कता अपनाउन प्रमुख रूपाखेतीले सबैलाई आग्रह गरे। उनका अनुसार जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका ११ हजार ९१९ जनाको डेङ्गी परीक्षण गर्दा तीन हजार ६८७ जनामा सङ्क्रमण पुष्टि भएको हो।

सङ्क्रमितमध्ये दुई हजार ८४६ जना चितवनका र बाँकी जिल्लाबाहिरका रहेका छन्। रूपाखेतीका अनुसार सङ्क्रमितमध्ये एकजनाको मृत्यु भएको छ।

जिल्लामा सङ्क्रमित भएकामध्ये सबैभन्दा बढी भरतपुर महानगरपालिकाका एक हजार १५३ जना बिरामी रहेका छन्। सबैभन्दा कम माडी नगरपालिकाका ३६ जना छन्।

यो रोग घरवरिपरि बस्ने एडिज जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्छ। यो लामखुट्टेले प्रायः बिहान र बेलुकाको समयमा टोक्ने भएकाले सो समयमा विशेष सावधानी अपनाउनुपर्ने प्रमुख रूपाखेतीले बताए।

यो लामखुट्टेले प्लास्टिक, टिनका डब्बा, ड्रम, थोत्रा वा पुराना टायर, गमला, कुलरमा जम्मा भएको सफा पानी, खुल्ला पानीको टङ्की आदिमा फुल पार्ने गर्छ। यी ठाउँमा जम्मा भएको पानीलाई सफा नगर्दा रोगको सङ्क्रमण बढ्ने जनस्वास्थ्य कार्यालय, चितवनका जनस्वास्थ्य अधिकृत विमल पटेलले बताए।

डेङ्गी हुँदा ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्छ। यो रोग लाग्दा आँखाको गेडी तथा टाउको धेरै दुख्ने, शरीर दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा आउने र रक्तस्राव हुने, उच्च ज्वरो आउने जस्ता लक्षण देखा पर्छन्। त्यस्तै, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्नेलगायत लक्षण देखा पर्ने जनस्वास्थ्य अधिकृत पटेलले जानकारी दिए।

डेङ्गीको ज्वरोबाट बच्ने मुख्य उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेको जनस्वास्थ्य कार्यालय, चितवनले जनाएको छ। यस्तै, आफू बस्ने ठाउँ वरिपरि फालिएका खाली बट्टा, अलकत्रा वा मटीतेलका खाली ड्रम, पुराना टायर आदिमा पानी जम्न नदिने रहेको उनले बताए।

# गढीमाई मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन पहल गरिनेछ –गृहमन्त्री लेखक

बारा, १९ मङ्सिर/रासस

गृहमन्त्री रमेश लेखकले गढीमाई



मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन सरकारले पहल गर्ने बताएका छन्।

बाराको बरियारपुरस्थित गढीमाई मन्दिरमा पूजाअर्चना गर्दै गृहमन्त्री लेखकले विश्वप्रसिद्ध गढीमाई मेलाले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन मदत पुऱ्याएको उल्लेख गरे। उनले गढीमाई मन्दिरको संरक्षणका लागि सरकार प्रतिबद्ध रहेको बताए।

गढीमाई मेलालाई व्यवस्थित बनाउन सुरक्षाको दृष्टिकोणले कुनै कसर बाँकी नराख्ने र यसका लागि प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिएको उनले बताए।

गृहमन्त्री लेखकले मेलामा दर्शनार्थीको चाप बढी भएमा आवश्यक परेको अवस्थामा थप सुरक्षाकर्मी खटाउन जिल्लास्थित सुरक्षा निकायलाई निर्देशन दिए। उनले आजै बारा र पर्साका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरूसँग यसबारे छलफल गर्नुका साथै गढीमाई मेलामा आवश्यक सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिए।

मेलामा आउने भक्तजनको सुरक्षामा कुनै कमी नहोस् भन्दै गृहमन्त्री लेखकले सुरक्षा निगरानीका लागि सिसिटिभी क्यामरालगायत उपकरणको प्रयोगमा ध्यान दिन आग्रह गरे। सो अवसरमा मेलामा आउने सर्वधारणलाई सहजरूपमा दर्शन गर्ने वतावरण मिलाउन आयोजक समितिका पदाधिकारीलाई आग्रह गरे।

मेला समितिका अध्यक्ष एवं महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादव, काङ्ग्रेस मधेस प्रदेशका सभापति कृष्णप्रसाद यादव, उपसभापति चन्द्रशेखरकुमार यादव, काङ्ग्रेस बाराका सचिव भैयाराम यादवलगायतले गृहमन्त्री लेखकलाई स्वागत गरेको थिए।

गृहमन्त्री लेखकले मधेस प्रदेशका सुरक्षा निकायका प्रमुखसहित बारा र पर्सा जिल्लाका सुरक्षा प्रमुखहरूसँग समग्र मधेस प्रदेशको सुरक्षा अवस्थालगायतका बारेमा जानकारी लिएका थिए।



**कृत्रिम जलाशयको वरदानः** दाङको घोराही उपमहानगरपालिका–२ स्थित सुर्केडागी गाउँमा व्यावसायिकरूपमा गरिएको तरकारीखेती। उपमहानगरले बनाएको कृत्रिम चेपे जलाशयको पानीले गर्दा मौसमी तथा बेमौसमी तरकारीखेतीले हराभरा देखिएको छ। यस गाउँमा थारू, मगर, ब्राह्मण र दलितलगायत दुई सय घरधुरीको बसोबास रहेको छ। तस्बिरः कुलदीप न्यौपाने/रासस

# रास्वपा कार्यकर्ता र प्रहरीबीच झडप

चितवन, १९ मङ्सिर/रासस

चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ता र प्रहरीबीच झडप भएको छ। रास्वपा सभापति रवि लामिछानेको रिहाइको माग गर्दै प्रदर्शनमा उत्रिएका उक्त पार्टीका कार्यकर्ता र प्रहरीबीच झडप भएको हो। झडपमा परेर आठजना प्रहरी घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार प्रदर्शनकारीले सरकारी वकीलको कार्यालय जाने बाटो अवरुद्ध गर्न खोज्दा झडप भएको हो। प्रदर्शनकारीले ढुङ्गा प्रहार गर्न थालेपछि उक्त कार्य रोक्नका लागि अश्रुग्याँस र पानीको फोहोरा प्रयोग गर्नुपरेको उनले बताए। घाइते प्रहरीको भरतपुर अस्पतालमा उपचार भइरहेको छ।

"प्रहरीले बल प्रयोग गरेको छैन। प्रदर्शनकारीले ढुङ्गा हान्दा प्रहरी घाइते भएका हुन्," प्रहरी उपरीक्षक मिश्रले भने। जिल्ला प्रहरी कार्यालयअगाडि सभापति लामिछानेको रिहाइको माग गर्दै प्रदर्शनकारीले निषेधित क्षेत्र नाघेपछि सो कार्य रोक्न खोज्दा झडप भएको उनले जानकारी दिए।

प्रदर्शनकारीतर्फ १६ जना घाइते भएका रास्वपा चितवनका सभापति कृष्ण भुसालले जानकारी दिए। घाइतेको भरतपुर सामुदायिक अस्पताल, नारायणी सामुदायिक अस्पताल, देव अस्पताललगायतका अस्पतालमा उपचार भइरहेको उनले बताए। रास्वपा सभापति लामिछानेको बयान सरकारी वकीलको कार्यालयमा जारी छ। यहाँको सहारा सहकारीका बचतकर्ताको रकम अपचलन गरेको आरोप लागेपछि प्रहरीले उनलाई बयानका लागि मङ्गलवार काठमाडौंबाट चितवन ल्याएको हो। सहारा सहकारीबाट रु १० करोड ८० लाख गोर्खा मिडियामा गएको आरोप लागेपछि उनलाई बयानका लागि चितवन ल्याइएको हो।

# के तपाईं पनि रील्सको जालमा फस्न थालेको महसूस गर्नुहुन्छ ? अङ्ग्रेजीमा अब यसको लागि एउटा शब्द छ

मीम्स हेरिरहँदा के तपाईंको मन भरिंदैन ? इन्स्टाग्राम रील्स वा टिकटकमा के तपाईं घण्टौंसम्म अनियन्त्रितरूपमा स्क्रोल गरेर बसिरहनुहुन्छ ?

अङ्ग्रेजीको प्रतिष्ठित अक्सफोर्ड युनिभर्सिटी प्रेस डिक्सनरीमा अब यसलाई सम्बोधन गर्ने शब्द छ !



यो शब्द हो, "ब्रेन रट" (Brain Rot)। ब्रेन रट यस्तो शब्द हो, जुन सामाजिक सञ्जालमा अनावश्यक अनलाइन सामग्री अत्यधिक हेर्दाको प्रभावप्रति चिन्ता व्यक्त गरिन्छ। यसको प्रयोग २०२३ देखि २०२४ को बीचमा २३० प्रतिशतले बढेको छ।

मनोवैज्ञानिक र अक्सफोर्ड युनिभर्सिटीका प्राध्यापक एन्ड्र्यू प्रिजबिल्स्की भन्छन् कि यस शब्दको लोकप्रियताले हाम्रो समयको यथार्थतालाई झल्काउँछ । 'ब्रेन रट'ले डिक्सनरी प्रकाशकको शर्टलिस्टमा रहेका पाँच अन्य शब्दलाई पछाडि पार्दै शीर्ष स्थान हासिल गरेको छ, जसमा 'डिम्योर' (demure), 'रोमान्टैसी' (Romantasy) र 'डायनामिक प्राइसिङ' (dynamic pricing) जस्ता शब्दहरू समावेश थिए।

**ब्रेन रट के हो ?**

ब्रेन रटको अर्थ हो, कुनै व्यक्तिको मानसिक वा बौद्धिक अवस्था कथितरूपमा बिग्रनु। यसलाई अनावश्यक वा अत्यन्तै सजिलै बुझ्न सकिने सामग्रीको अत्यधिक प्रयोगको परिणाम मानिन्छ।

पहिलोपटक ब्रेन रटको प्रयोग इन्टरनेटको निर्माणभन्दा धेरै अघि गरिएको थियो। सन् १८५४ मा हेनरी डेभिड थोरोले आफ्नो पुस्तक 'वाल्डेन'मा यस शब्दको प्रयोग गरेका थिए।

थोरो समाजको त्यो बानीको आलोचना गर्छन्, जसले जटिल विचारहरूलाई कम महत्त्व दिन्छ, र यसलाई मानसिक र बौद्धिक गिरावटको हिस्सा ठान्छन् । यसमा उनले प्रश्न सोध्छन्, "इङ्ल्यान्ड आलुलाई कुहिनबाट बचाउन प्रयासरत छ, तर के कसैले ब्रेन रटलाई ठीक पार्ने प्रयास गर्नेछ ? किनकि यो समस्या धेरै व्यापक र घातक छ।"

यो शब्द सबैभन्दा पहिले जेन जेड र जेन अल्फाका बीच सामाजिक सञ्जालमा लोकप्रिय भएको थियो, तर अब यसलाई सामान्यरूपमा प्रयोग गरिन्छ किनकि सामाजिक सञ्जालमा भेटिने अनावश्यक सामग्रीलाई नाम दिन सकियोस्।

प्राध्यापक प्रिजबिल्स्की भन्छन्, "ब्रेन रट जस्तो कुनै कुरा अस्तित्वमा छ भन्ने कुनै प्रमाण छैन । यसले अनलाइन दुनियाँप्रतिको हाम्रो निराशालाई झल्काउँछ र यो यस्तो शब्द हो, जसले हामीलाई सामाजिक सञ्जाललाई लिएर हाम्रो चिन्ता व्यक्त गर्न मदत गर्छ।"

**शब्दहरूको चयन प्रक्रिया:**

अक्सफोर्ड ल्याङ्ग्वेजका अध्यक्ष क्यास्पर ग्रेथवाल भन्छन् कि पछिल्ला दुई दशकका अक्सफोर्ड वर्ड अफ द इयरलाई हेर्दा तपाईं भन्न सक्नुहुन्छ कि हाम्रो ध्यान बिस्तारै हाम्रो भर्चुअल जीवन कसरी परिवर्तन हुँदै गएको छ भन्ने कुरामा केन्द्रित हुँदै गएको छ, र इन्टरनेट संस्कृतिले हाम्रो व्यक्तित्व र संवादको कति ठूलो हिस्सा ओगट्दै गइरहेको छ।"

उनी भन्छन्, "पछिल्लो वर्ष जुन शब्द चयन गरिएको थियो, त्यो थियो 'रिज', जुन यस कुरा चाखलाग्दो उदाहरण हो कि कसरी भाषा अब अनलाइन समुदायहरूमा सिर्जना, परिमार्जन र साझा हुन्छ।"

"ब्रेन रट भर्चुअल जीवनका खतराहरूमध्ये एकलाई दर्शाउँछ र यसले देखाउँछ कि हामी हाम्रो फुर्सदको समय कसरी बिताइरहेका छौं।"

अन्य शब्दहरू जुन शर्टलिस्ट गरिएका थिए:

**डिम्योर (विशेषण):** सौम्य, संयमित– त्यो व्यक्ति जो आफ्नो व्यवहारमा संयमित हुन्छ, र देखावटी गर्दैन।

**डायनामिक प्राइसिङ (संज्ञा):** कुनै वस्तु वा सेवाको मूल्यलाई बजारको बदलिंदो स्थिति अनुसार परिवर्तन गर्ने प्रक्रिया । विशेषगरी कुनै वस्तुको अत्यधिक माग हुँदा यसको मूल्यवृद्धि हुने अवस्था।

**लोर (संज्ञा):** कुनै व्यक्ति वा विषयसँग सम्बन्धित तथ्यहरू, पृष्ठभूमि जानकारी र कथाहरूको सङ्ग्रह, जसलाई सम्बन्धित विषयको सम्पूर्ण बुझाइ वा छलफलका लागि आवश्यक मानिन्छ।

**रोमान्टैसी (संज्ञा):** यो रोमान्स र फ्यान्टेसीलाई मिलाएर लेखिएको कथाशैली हो, जसमा विशेषगरी जादु, अलौकिक र साहसिक कथाहरू हुन्छन्, तर तिनको केन्द्रमा एउटा प्रेमकथा हुन्छ।

**स्लोप (संज्ञा):** कला, लेखन, वा अन्य कुनै सामग्री तयार गर्न आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरिनु र त्यसलाई अनलाइनमा विवेकहीनरूपमा शेयर गरिनु। यसमा त्यस्ता सामग्रीहरू समावेश हुन्छन्, जुन अप्रमाणित र बेकार हुन्छन्।

**क्याम्ब्रिज युनिभर्सिटीले कुन शब्दको चयन गरेको थियो ?**

अक्सफोर्ड युनिभर्सिटी प्रेस एकमात्र संस्थान होइन, जसले 'वर्ड अफ दी इयर' (वर्षको शब्द)को घोषणा गर्छ। गत महीना क्याम्ब्रिज युनिभर्सिटीले 'मेनिफेस्ट' शब्दको घोषणा गरेको थियो।

पारम्परिक रूपमा 'मेनिफेस्ट' शब्दले स्पष्ट वा प्रकट हुने कुरा जनाउँछ। अब यसमा 'टु मेनिफेस्ट' पनि समावेश भएको छ । यसको अर्थ यो हो कि तपाईंले पाउन चाहेको चीजको बारेमा विश्वासका साथ कल्पना गर्दा त्यसलाई प्राप्त गर्ने सम्भावना बढ्छ।

कोलिन्स इङ्गिलश डिक्सनरीले पनि नोभेम्बरमा आफ्नो 'वर्ड अफ दी इयर'को रूपमा 'ब्रैट' शब्दको घोषणा गरेको थियो। ब्रैट त्यस्तो व्यक्तित्वलाई जनाउँछ, जो आत्मविश्वासी, स्वतन्त्र र रमाइलो गर्न चाहने स्वभावको हुन्छ।

यसको साथै एक अर्को इन्टरनेट ट्रेन्ड डिक्सनरी डट कमको 'वर्ड अफ दी इयर' बन्यो। त्यो शब्द हो, 'डिम्योर'।

स्रोत: बिबिसी



**सुन्तला ग्रेडिङ गर्दै अर्याल:** स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका–१ थापाथोकस्थित त्रिपुत्र बागवानी फार्ममा फलेको सुन्तला मेशीनद्वारा ग्रेडिङ गर्दै सञ्चालक फणिनारायण अर्याल। नेपालमैं पहिलोपटक स्थापना गरिएको ग्रेडिङ मेशीनले आठवटा आकारमा एकैपटक सुन्तला ग्रेडिङ गर्छ। तस्बिरः तोलाकान्त बगाले/रासस

## फरक समाचार

# सुत्ने समयतालिका तय गर्नुहोस्

निद्राको समय र ढाँचाले मुटुरोगको जोखिम कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । यसको अभावले तपाईंलाई धेरै प्राणघातक रोगको चपेटामा ल्याउन सक्छ। जो मानिसहरू नियमित समयमा सुत्दैनन् र उठ्दैनन्, तिनीहरूलाई हृदयघात र स्ट्रोकको जोखिम बढी हुन्छ। बेलायतमा गरिएको एक अध्ययनले देखाएको छ कि निद्राको ढाँचाले मुटुको स्वास्थ्यमा गहिरो असर पार्छ, चाहे व्यक्तिले पर्याप्त निद्रा लिइरहेका होस् वा नहोस्।



शोधकर्ताहरूले ४० देखि ७९ वर्षका ७२ हजार २६९ जनाको डेटा अध्ययन गरेका थिए, जसमा कुनै गम्भीर मुटुसम्बन्धी समस्या थिएन । यस अध्ययनले देखाएको छ कि अनियमित निद्राको ढाँचा भएका व्यक्तिहरूलाई नियमित समयमा सुत्नेहरूभन्दा मुटुसम्बन्धी रोगको जोखिम बढी थियो।

**निद्रा र मुटुरोगको सम्बन्ध**

शोधकर्ताहरूले पत्ता लगाए कि अनियमित निद्राको ढाँचा भएका व्यक्तिहरूलाई हृदयघात वा स्ट्रोक हुने जोखिम २६ प्रतिशत बढी थियो। त्यस्तै, थोरै अनियमित निद्राको ढाँचा भएका व्यक्तिहरूमा यो जोखिम आठ प्रतिशत बढी थियो । यस अनुसन्धानले प्रमाणित गर्छ कि निद्राको ढाँचा मुटुसँग सम्बन्धित समस्याहरूको लागि महत्त्वपूर्ण कारक हुन सक्छ।

**निद्राको ढाँचा महत्त्वपूर्ण**

यस अध्ययनले यो पनि बताउँछ कि निद्राको कुल अवधिभन्दा निद्राको ढाँचा बढी महत्त्वपूर्ण छ। चाहे व्यक्तिले सातदेखि नौ घण्टाको निद्रा पूरा गरे पनि, यदि निद्राको ढाँचा अनियमित छ भने पनि मुटुरोगको जोखिम रहन्छ।

**असमय निद्राका हानिहरू**

असमय निद्राले हार्मोनल परिवर्तनहरू निम्त्याउन सक्छन्, जसले भोक बढाउन सक्छ र मानिसलाई बढी खाने इच्छा हुन्छ। यसले तौल बढाउँछ, जसले क्रमशः कोरोनरी हृदयरोगको कारण दिन सक्छ।

**सिआरपी प्रोटिन र सुजनबाट मुटुरोग**

ब्रिटिश हार्ट फाउन्डेशनकी वरिष्ठ कार्डियाक नर्स एमिली म्याकग्राथले भनिन् कि खराब निद्राको कारण शरीरमा सिआरपी प्रोटिनको मात्रा बढ्छ, जसले सुजनको सङ्केत दिन्छ। सुजनले मुटु र रक्तनलीसँग सम्बन्धित समस्याहरू बढाउन सक्छ। यस अनुसन्धानले यो पनि देखाउँछ कि खराब निद्राले मुटु र रक्तचापसँग सम्बन्धित रोगहरूलाई बढाउन सक्छ।

# आफैंलाई माया गर्दा यी ४ सकारात्मक परिवर्तन

प्रायः भनिन्छ कि यदि तपाईं आफूले आफैंलाई माया गर्न सक्नुहुन्न भने, अरूलाई कसरी माया गर्नुहुन्छ ? त्यसैले 'सेल्फ–लभ'लाई यतिधेरै महत्त्व दिइन्छ। हाम्रो जीवनमा धेरै मानिस महत्त्वपूर्ण हुन्छन्, र हामी सबैलाई माया गर्छौं। तर के तपाईंले कहिल्यै सोच्नुभएको छ कि ती मानिसहरू हाम्रो जीवनमा नभए भने के हुन्छ ? हामी तिनीहरूको विना आफ्नो जीवन कसरी बिताउँछौं ?

प्रायः धेरैलाई माया गर्ने चक्करमा सबैलाई महत्त्व दिन खोज्दा हामी आफूले आफैंलाई कतै हेला त गरिरहेका छैनौं ? चाहे यो समस्या तपाईंको घरमा होस्, साथीभाइमा, वा सम्बन्धमा, आफूलाई बुझ्नु, प्राथमिकता दिनु अर्थात् सेल्फ–केयर र लभ अत्यन्त जरुरी छ। किनभने अन्ततः जीवनमा तपाईं मात्र एक्लै रहनुहुन्छ। जब तपाईं आफूले आफ्नैलागि सोच्न थाल्नुहुन्छ, आफूलाई महत्त्व दिन थाल्नुहुन्छ, तब जीवनमा सकारात्मक परिवर्तनहरू आउन थाल्छन् । सेल्फ–लभका फाइदा चार सकारात्मक फाइदाबारे जानौं।

**१. मानसिक स्वास्थ्य**

जब हामी आफ्नोलागि समय निकाल्छौं, जस्तै व्यायाम, योग र ध्यान गर्छौं, तब हामीलाई आफ्नो मन शान्त राख्ने मौका मिल्छ, जसले दिमागलाई सकारात्मक सोच्न सहयोग पुऱ्याउँछ । यसका लागि हामीले 'इन्टरपर्सनल कम्युनिकेशन' अर्थात् आफूले आफैंलाई सोधपूछ गर्नु आवश्यक हुन्छ । आफूलाई नै सोध्नुहोस् कि त्यस्तो के कुरा छ, जसले मलाई सबैभन्दा बढी खुशी दिन्छ। जब उत्तर पाइन्छ, र त्यस खुशीलाई प्राप्त गर्ने प्रयास गर्नुहोस्।



**२. सम्बन्धहरूमा सुधार**

जब तपाईं आफैंलाई माया गर्न थाल्नुहुन्छ, तब तपाईंका सम्बन्धहरूमा पनि सुधार आउन थाल्छ। प्रायः सम्बन्धहरूमा विवाद हुन्छ, जसले हाम्रो जीवनलाई असर पार्छ र काममा मन पनि लाग्दैन। जब हाम्रो मन र दिमागले आफ्नैबारेमा सोच्न थाल्छ, तब अरूको कुनै चिन्ता रहँदैन र जीवनमा कुनै समस्या महसूस हुँदैन।

**३. शारीरिक तन्दुरुस्ती**

शारीरिक तन्दुरुस्ती पनि आफूलाई माया गर्ने एक उत्कृष्ट तरीका हो। यसले हाम्रो मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । दैनिक व्यायामले हाम्रो शरीर स्वस्थ रहन्छ र मनलाई शान्ति दिन्छ । यसले निद्राको चक्रलाई पनि अवरोध हुन दिंदैन, जसले गर्दा हाम्रो भावनात्मक स्थिरतामा सन्तुलन रहन्छ।

**४. उत्पादकत्व स्तर**

यदि तपाईं आफूमाथि ध्यान दिनुहुन्छ भने यो आफ्नो करियरको प्रगतिको लागि सहयोगी बन्न सक्छ । किनभने जब तपाईंलाई कसैको चिन्ता हुँदैन, तब ध्यान केवल आफूमा हुन्छ कि कसरी आफूलाई सफल बनाउन सकिन्छ र कसरी आफ्ना लक्ष्यहरू प्राप्त गर्न सकिन्छ । मन शान्त हुँदा उत्पादकत्व स्तरमा पनि सुधार आउँछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# राष्ट्रसङ्घद्वारा सन् २०२५ मा सहायताका लागि ४७ अर्ब अमेरिकी डलर रकम माग

जेनेभा, १९ मङ्सिर/एएफपी

संयुक्त राष्ट्रसङ्घले बढ्दो द्वन्द्व र जलवायु सङ्कटका कारण लाखौं मानिसलाई सहायताको आवश्यक पर्ने भन्दै आगामी वर्षका लागि ४७ अर्ब अमेरिकी डलरभन्दा बढीको माग गरेको छ।

संयुक्त राष्ट्रसङ्घका नयाँ मानवीय सहायता प्रमुख टम फ्लेचरले जेनेभामा पत्रकारसँग कुरा गर्दै सन् २०२५ लाई चिन्ताका साथ हेरिरहेको स्वीकारेका छन्।



गाजा, सुडान र युक्रेनजस्ता स्थानमा भीषण द्वन्द्व चर्किरहेको र जलवायु परिवर्तन र चरम मौसमले ठूलो क्षति पुऱ्याइरहेको अवस्थामा संयुक्त राष्ट्रसङ्घले आगामी वर्ष विश्वव्यापीरूपमा ३० करोड ५० लाख मानिसलाई कुनै न कुनै प्रकारको आपत्कालीन सहायताको आवश्यकता पर्ने अनुमान गरेको हो।

फ्लेचरले भने, "हामी अहिले विश्वव्यापीरूपमा कैयौं सङ्कटको सामना गरिरहेका छौं र यो सहयोग विश्वमा बढी सङ्कट झेलिरहेका सबैभन्दा कमजोर मानिसहरूका लागि हो। जलवायु परिवर्तन र द्वन्द्वका कारण सिर्जित असमानताले आवश्यकताको व्यापक मागलाई निम्त्याएको छ।"

'ग्लोबल ह्युमेनिटेरियन ओभरभ्यु'को शुभारम्भ गर्दै फ्लेचरले संयुक्त राष्ट्रसङ्घ र यसका साझेदारहरूले खाँचोमा परेका सबै व्यक्तिसम्म पुग्न नसक्ने बताए।

संयुक्त राष्ट्रसङ्घका निकाय र अन्य मानवीय संस्थाहरूले सन् २०२५ का लागि ४७ अर्ब ४० करोड अमेरिकी डलर माग गरेका छन्, जुन यस वर्षको अपीलभन्दा केही कम हो।

फ्लेचरले यो योजनापछि पनि अझै ११ करोड ५० लाख अमेरिकी अपुग हुने स्वीकार गरे।

विश्वभरका मानवीय कार्यमा दातृ निकायको थकानले सहायता कार्यक्रमलाई असर गरिरहेकोतर्फ इङ्गित गर्दै उनले यथार्थपरक योजना तयार पार्नुपर्नेमा जोड दिए। उनले भने, "यसका लागि प्राथमिकता र वास्तवमैं कठिन, कठिन छनोटको आवश्यकता पर्छ।"

गत महीनासम्ममा यस वर्षका लागि ५० अर्ब अमेरिकी डलरको अपीलमध्ये ४३ प्रतिशत मात्र पूरा भएको थियो।

यस वर्ष सिरियामा खाद्य सहायतामा ८० प्रतिशतले कमी आएको, म्यान्मामा सुरक्षा सेवामा कटौती गरिएको र हैजा प्रभावित यमनमा पानी तथा सरसफाइ सहायतामा कमी आएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

तथापि सशस्त्र द्वन्द्वमा मानिसहरूलाई सहयोग र संरक्षण गर्न सबैभन्दा ठूलो अवरोध भनेको अन्तर्राष्ट्रिय कानूनको व्यापक उल्लङ्घन हो।

सन् २०२४ मानवीय सहायताकर्मीका लागि सबैभन्दा घातक वर्ष भइसकेको छ। गत वर्ष २८० सहायताकर्मीको मृत्यु भएको थियो।

फ्लेचरले भने, "विश्वव्यापी मानवीय प्रणाली अत्यधिक बढ्दो गतिमा छ तर आवश्यकताको तुलनामा कम वित्तपोषित छ र यो शाब्दिकरूपमा भन्दा चिन्ताजनक अवस्थामा छ। हामीलाई विश्वव्यापी ऐक्यबद्धतामा वृद्धिको आवश्यकता छ।"

यसैबीच, विश्वको सबैभन्दा ठूलो मानवीय दातृ निकाय अमेरिकामा डोनाल्ड ट्रम्पको राष्ट्रपतिमा पुनरागमनले आगामी वर्ष सहायता रकममा वृद्धिको साटो सहायता एजेन्सीको बजेट कटौती हुन सक्ने आशङ्का बढेको छ।

फ्लेचरले आगामी महीनामा नयाँ प्रशासनसँग जोडिनका लागि वाशिङ्टनमा धेरै समय बिताउने योजना रहेको बताएका छन्।

"धेरै कठिन वैश्विक जलवायु परिवर्तनको चिन्ता केवल अमेरिकाको कारण मात्र नभई अन्य दातृ मुलुकका कारण पनि निम्तिएको र यसलाई सम्बोधन गर्न थप कदम चाल्नुपर्ने आवश्यकता छ," फ्लेचरले भने।

संयुक्त राष्ट्रसङ्घको तथ्याङ्क अनुसार सन् २०२४ को मध्यसम्ममा द्वन्द्वका कारण १२ करोड ३० लाख मानिस आफ्नो घरबाट विस्थापित भएर बाँचिरहेका छन् भने विश्वमा हरेक पाँच बालबालिकामध्ये एकजना द्वन्द्वग्रस्त क्षेत्रमा बसिरहेका छन्।

अझ चिन्ताजनक कुरा के छ भने समुदाय, खाद्य प्रणालीलाई तहसनहस पार्ने र सामूहिक विस्थापन गर्ने जलवायुजन्य विपत्तिहरूले समस्या सिर्जना गरेका छन्।

उनले भने, "मलाई चिन्ता के छ भने आवश्यकताका ती दुई ठूला चालकहरूले अहिले एकसाथ समस्या सिर्जना गरिरहेका छन्।" रासस

# रूसी विदेशमन्त्री लाभरोभको ट्रम्पका सहयोगी कार्लसनसँग अन्तर्वार्ता

वाशिङ्टन, १९ मङ्सिर/एएफपी

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पका प्रमुख सहयोगी तथा फक्स न्यूजका पूर्वप्रस्तोता टकर कार्लसनले मस्कोमा रूसी विदेशमन्त्री सर्गेई लाभरोभसँग अन्तर्वार्ता लिएको मङ्गलवार घोषणा गरेका छन्।

सन् २०२२ को फेब्रुअरीमा रूसले युक्रेनमा गरेको आक्रमणपछि कार्लसन रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग अन्तर्वार्ताका लागि मस्को गएका थिए।

कार्लसनले मङ्गलवार आफ्नो सामाजिक सञ्जाल र वेबसाइटमा प्रकाशित एक भिडियोमा वाशिङ्टन र मस्कोबीच बढेको तनावबारे प्रकाश पार्न आफू रूसमा पुगी समसामयिक विषयमा लाभरोभसँग छलफल भएको बताएका छन्।

कार्लसनले अन्तर्वार्ता प्रसारण गर्ने तिथि सार्वजनिक नगरीकन भनेका छन्, "हामी भर्खर त्यो अन्तर्वार्ता लिएर आएका छौं। अन्तर्वार्ता एकदम आकर्षक र सान्दर्भिक छ। यो चाँडै नै आउँछ।"

कार्लसनले आफूले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग अन्तर्वार्ता लिन खोजेको तर अमेरिकी राष्ट्रपति जो बाइडेन प्रशासनले रोकेको आरोप पनि लगाएका छन्।

डेमोक्र्याट, तथाकथित 'जागृत' प्रदर्शनकारी र साम्यवादको आक्रमणमा फसेको संयुक्त राज्य अमेरिका पतनको बाटोमा रहेको राष्ट्रको रूपमा चित्रण गर्न कार्लसनले वर्षौं बिताएका छन्। उनले अमेरिकी फक्स न्यूज छोडेपछि अमेरिकामा विद्यमान सामाजिक प्रणालीमा षडचन्त्रका सिद्धान्तहरूबारे सचेतना जगाउँदै आएका छन्।

केबल नेटवर्कमा उनको प्रसिद्ध कार्यक्रमको प्रसारण अप्रिल २०२३ देखि रोकिएको थियो।

कार्लसनले त्यसपछि यस पहिले ट्वीटरका रूपमा चिनिंदै आएको सामाजिक सञ्जाल एक्समा कार्यक्रमहरू प्रसारण गर्दै आएका थिए। अहिले उनको आफ्नै स्ट्रिमिङ प्लेटफर्म 'टकर कार्लसन नेटवर्क' छ। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सफलता | वृष | प्रगति |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | कडापरिश्रम | कन्या | ज्ञानोदय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनलाभ | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बुक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**विद्युतीय तार भूमिगत गरिंदै:** कास्कीको पोखरा महानगरपालिका-६ लेकसाइडमा विद्युतीय तार जमीनमुनि बिछ्याउन पूर्वाधार तयारीको काम गर्दै श्रमिक। नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत पोखरामा तार भूमिगतको काम भइरहेको हो। तस्बिर: राम थापा/रासस

# चौथो परवानीपुर गोल्डकप माघमा

प्रस, परवानीपुर, २० मङ्सिर/

चौथो परवानीपुर गोल्डकप फूटबल प्रतियोगिता आगामी माघको अन्तिम सातादेखि आयोजना हुने भएको छ।

गोल्डकप आयोजक समितिले बुधवार पत्रकार सम्मेलन गरी आगामी माघ २६ गतेदेखि प्रतियोगिता शुरू हुने र फागुन ३ गते सम्पन्न हुने बताएको छ।

परवानीपुर युथ क्लबका अध्यक्ष अलि अख्तर आलमले सरोकारवालाहरूसँगको छलफलपछि प्रतियोगिताको मिति घोषणा गरिएको बताए। उनले प्रतियोगितामा यस क्षेत्रका आठवटा टीम सहभागी हुने बताए।



फूटबलप्रति रुचि अभिवृद्धिका लागि परवानीपुरमा विगत तीन वर्षदेखि फूटबल प्रतियोगिता निरन्तररूपमा सञ्चालन गर्दै आएको आयोजक क्लबका सदस्य कृष्ण यादवले बताए।

## पोखरिया नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

पोखरिया, पर्सा

मधेस प्रदेश, नेपाल

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१/०८/१९

यस नगरपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरूको न्यायका लागि सहजीकरण गर्न, मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरू सम्पादनका लागि निम्नानुसारका जनशक्तिहरू पदपूर्ति गर्नुपर्ने भएकोले योग्य, अनुभवी इच्छुक नेपाली नागरिकले मागबमोजिमको विवरण र राजस्व तिरेको रसिदसहित १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा रोजगार सेवा केन्द्रमा आवेदन पेश गर्न आह्वान गरिएको छ।

| विज्ञापन नं | रिक्त पद | सङ्ख्या | न्यूनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| ०१/२०८१/८२ | मनोसामाजिक परामर्शकर्ता | एकजना (महिलालाई विशेष प्राथमिकता दिइनेछ) | - मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यताप्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, नर्सिङ, मनोविज्ञान, समाजशास्त्र, सोसल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोस्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>- मनोसामाजिक परामर्शसम्बन्धी ६ महीने तालीमप्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाणपत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ।<br>- कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Power Point, Email & Internet आदि) भएको, नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। |
| ०२/२०८१/८२ | रिटर्नी स्वयंसेवक/सामाजिक परिचालक | २ जना | - न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगारका लागि खाडी मुलुक वा मलेशिया गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको,<br>- KOBO (Application) मार्फत घरघरमा गएर काम गर्नुपर्ने भएकोले Android mobile भएको तथा राम्ररी चलाउन सक्ने ज्ञान र सीप भएको,<br>- स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने।<br>- सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ। |

**कार्य अवधि:** २०८२ असार मसान्तसम्म हुनेछ तर आवश्यकता तथा कार्यसम्पादनको आधारमा नवीकरण गर्न सकिनेछ।
**परीक्षाको किसिम:** लिखित, प्रयोगात्मक र अन्तर्वार्ताबाट छनोट गरिनेछ।
**आवेदन दस्तुर:** मनोसामाजिक परामर्शकर्ता पदका लागि रु १,०००/- र रिटर्नी स्वयंसेवक पदका लागि रु ३००/-
**उमेर:** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
**तलब तथा सुविधा:** १) मनोसामाजिक परामर्शकर्ता- सहायक पाँचौं तह सरह
२) रिटर्नी स्वयंसेवक- रु १६,०००/- (अक्षरेपि सोऱ्ह हजार मात्र)

**पेश गर्नुपर्ने कागजातहरू:**

**१. मनोसामाजिक परामर्शकर्ता पदका लागि:** स्पष्ट पदसहित निवेदनपत्र, व्यक्तिगत विवरण (Bio-Data), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, तालीम प्रमाणपत्रको प्रतिलिपि,

**२. रिटर्नी स्वयंसेवक पदका लागि:** स्पष्ट पदसहित निवेदनपत्र, राहदानीको प्रतिलिपि (वैदेशिक रोजगारमा जाँदा इमिग्रेशनले राहदानीमा लगाएको प्रस्थान (Departure) र आगमन (Arrival) को छाप लागेको पेजको प्रतिलिपि, श्रम स्वीकृति भएको पेजको प्रतिलिपी), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभव र तालीमको प्रमाणपत्र भए सोको प्रतिलिपि पेश गर्न सकिनेछ।

**छनोट प्रक्रिया:** प्रारम्भिक छनोटमा परेका उम्मेवारहरूलाई मात्र परीक्षा प्रक्रियामा समावेश गरिनेछ र समावेशी भर्ना प्रक्रिया अवलम्बन गरिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# दुईजना मन्त्रीद्वारा पर्सा राष्ट्रिय निकुञ्जको अनुगमन

प्रस, वीरगंज, १९ मङ्सिर/

मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षत्री



तथा नेपाल सरकारको वन तथा वातावरण राज्यमन्त्री रुपा विश्वकर्माले पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयको मङ्गलवार अनुगमन गरेका छन् ।

मन्त्रीद्वयलाई डिभिजन वन अधिकृत रामचन्द्र खतिवडाले निकुञ्जभित्र रहेका विविध वन्यजन्तु र हरियाली वन संरक्षणका लागि भइरहेका प्रयासबारे जानकारी गराएका थिए । उनले नेपालमा संरक्षित पशुपक्षीहरूको संरक्षणका लागि भएका कार्यबारे मन्त्रीद्वयलाई जानकारी गराएका थिए ।

वनजङ्गल, जङ्गली जनावरहरूलाई संरक्षण गर्न र प्राकृतिक सम्पदाको दिगोपन सुनिश्चित गर्न प्रादेशिक सरकारबाट अझ सहयोगको आवश्यकता रहेको उनले बताए ।

मधेस प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री क्षत्रीले अमूल्य जैविक विविधताको संरक्षण र यस क्षेत्रको जीवनलाई सहयोग गर्ने पारिस्थितिक सन्तुलन कायम गर्न सरकार र स्थानीय अधिकारीहरूबीचको सहकार्यको महत्त्वमा जोड दिएका थिए ।

कार्यक्रममा नेपाली काङ्ग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, जगरनाथपुर गापा प्रमुख श्रीकान्त यादव, नेका बारा जिल्लाका सचिव राजेश रौनियारलगायत नेताहरूको सहभागिता थियो ।

# मधेस विश्वविद्यालयको नाममा जग्गा सिफारिश

प्रस, वीरगंज, १९ मङ्सिर/

भूमिसुधार तथा मालपोत कार्यालय पर्सा अन्तर्गत प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला सिफारिश समितिले मधेस विश्वविद्यालयको लागि ३० बिघा जग्गा सिफारिश गरेको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा बसेको जिल्ला सिफारिश समितिले हिजो मङ्गलवार साँझ बैठक बसी मधेस विश्वविद्यालयलाई बहुदरमाई नगरपालिकामा रहेको ३० बिघा जग्गा लिज अथवा उपभोगका लागि प्रदान गर्न भूमिसुधार तथा मालपोत विभागमा सिफारिश गरेको छ ।

सिफारिश समितिका सदस्यसचिव एवं भूमिसुधार तथा मालपोत कार्यालय पर्साका प्रमुख डमरु निरौलाले जिल्ला सिफारिश समितिले विभागमा सिफारिश गरेको र अब विभागले मन्त्रालयमा सिफारिश गर्नुपर्ने अनि मन्त्रालयले मन्त्रिपरिषद्मा पठाउने र त्यहाँबाट निर्णय भए अनुसार हुने बताए ।

जिल्ला सिफारिश समितिमा मेन्टेनेन्स नापी कार्यालय पर्साका प्रमुख राजीव झा, डिभिजन वन कार्यालयका प्रमुख मन्जुर अहमद सदस्य छन् ।


## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

> महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
> हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
> उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

आफन्त, नातेदार, छिमेकी, साथीभाइ वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## तीनजना महिलासहित ३४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १९ मङ्सिर/

कलैया उपमहानगरपालिका–१४ बधवनमा बुधवार सहयोगी पाइलाले आयोजना गरेको रक्तदान कार्यक्रममा



तीनजना महिलासहित ३४ जनाले रक्तदान गरेका छन् ।


रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले साक्षी पटेल, नीतु ठाकुर, सम्झना पटेल, कमाल हुसेन, रामकिशोर पासवान, श्याम जैसवाल, सुनील पाण्डे, हेमराज पाण्डे, राजकुमार जैसवाललगायतले रक्तदान गरेको बताए ।

## धोबिनीमा वार्षिक खेलकूद

प्रस, पोखरिया, २० मङ्सिर/

धोबिनी गाउँपालिकाको धोबिनीस्थित ब्ल् एकेडेमीले वार्षिक खेलकूद कार्यक्रम सम्पन्न गरेको छ ।

वार्षिक खेलकूद कार्यक्रमको एमाले मधेस प्रदेश कमिटीका सदस्य सलाउद्दीन



अहमदले उद्घाटन गरेका थिए । उनले विद्यालयस्तरबाट खेलकूदमा विद्यार्थीहरूलाई सहभागी गराउँदा सिकाइ विद्या पाएर भविष्य उज्ज्वल हुने बताए ।

उनले यस प्रकारका गतिविधिले विद्यार्थीहरूको आत्मबल बढ्नुका साथै विद्यार्थीहरू अनुशासित हुन मदत पुग्ने बताए ।

विद्यालयका प्राचार्य सुनील पटेलको अध्यक्षतामा भएको कार्यक्रममा उत्कृष्ट भएका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो ।

# खेलकूदको संसार

## काठमाडौंद्वारा कर्णाली तीन विकेटले पराजित

काठमाडौं, १९ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल)मा काठमाडौं गुर्खाजले कर्णाली याक्सलाई पराजित गरेको छ । काठमाडौंले कर्णालीलाई तीन विकेटले पराजित गरेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधवार टस हारेर पहिला ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरको खेलमा पाँच विकेट गुमाएर १४९ रनको योगफल बनायो । १५० रनको विजयी लक्ष्य काठमाडौंले १९ दशमलव तीन ओभरमा सात विकेट गुमाएर पूरा गऱ्यो । काठमाडौं गुर्खाजका लागि सुमित महर्जनले अविजित ४० रन बनाए । उनले ३७ बल खेल्दै



तीन चौका र एक छक्का हाने । यस्तै, जेराई एरास्मसले २८ बलमा ३८ रनको योगदान दिए । यसमा उनको तीन चौका र दुई छक्का सामेल थिए । यस्तै, कप्तान करण केसीले १० बलमा दुई छक्का र दुई चौकाको मदतमा २८ रन बनाए । यसैगरी, माइकल लेभिटले १९ बल खेल्दै दुई चौका र एक चौकासहित २२ रन बनाए ।

बलिङतर्फ कर्णाली याक्सका लागि सोमपाल कामी, नन्दन यादव, गुलशन झा, जिशन मकसुद र विपिन शर्माले एक/एक विकेट लिए ।

यस अघि कर्णाली याक्सका लागि १४९ रनको योगफल बनाउने क्रममा शिखर धवनले अर्द्धशतकीय पारी खेले । उनले ५१ बलमा चार चौका र पाँच छक्काको मदतमा अविजित ७२ रनको योगदान दिए । यसैगरी, चाल्डिक वाल्टनले १५ बलमा पाँच चौकाको सहयोगमा २१, बाबर हायातले १८ बलमा १३ रन, गुलशन झाले १९ बलमा एक चौकाको मदतमा १२ तथा जिशन मकसुदले ११ बल खेल्दै एक चौकाको सहयोगमा १४ रन बनाए ।

बलिङतर्फ काठमाडौंका लागि जेहाई एरास्मसले दुई तथा नाथन स्वटर, दीपेश कँडेल र कप्तान करण केसीले एक/एक विकेट लिए ।

## विराटनगर किङ्गसद्वारा लुम्बिनी लायन्स पराजित

काठमाडौं, १९ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल)मा विराटनगर किङ्गसले लुम्बिनी लायन्सलाई पराजित गरेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा आज सम्पन्न खेलमा विराटनगरले लुम्बिनीलाई दुई विकेट हराएको हो । यस अघि दुई खेलमा पराजित भएको विराटनगरको यो पहिलो जीत हो ।

लुम्बिनी लायन्सले जीतका लागि दिएको १९२ रनको लक्ष्य विराटनगरले १९ दशमलव पाँच ओभरमा आठ विकेट गुमाउँदै पूरा गरेको हो । विराटनगरको जीतमा लोकेश बमले अर्धशतकीय पारी खेले । उनले ४७ बलमा छ छक्का र तीन चौका प्रहार गर्दै सर्वाधिक ७१ रन बनाए । यस्तै, बसिर अहमदले ४०, मार्टिन गुप्टिलले २८, क्रिस सोलले १४ र दीपक बोहोराले नौ रनको योगदान दिए ।

बलिङतर्फ लुम्बिनीका लागि दुर्गेश गुप्ताले सर्वाधिक तीन विकेट लिए । यस्तै, रामोन साइमन्ड्स र सादबिन जफरले दुई/दुई तथा विवेक यादवले एक विकेट लिए ।

त्यस अघि टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १९१ रन बनाएको थियो । लुम्बिनीका लागि कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ४६ रन बनाए । उनले २९ बलमा दुई छक्का र चार चौका प्रहार गरे । यस्तै, टम मूर्सले ३०, विवेक यादवले १९, अर्जुन साउदले १७, आशुतोष घिरैया र सादबिन जफरले समान १५/१५ तथा सन्दीप जोराले १२ रन बनाए । लुम्बिनीले अतिरिक्त २९ रन पाएको थियो ।

बलिङतर्फ विराटनगरका लागि कप्तान सन्दीप लामिछाने, इस्मत आलम र राजेश पुलामीले एक/एक विकेट लिए ।

## 'दशौं राष्ट्रिय खेलकूद फागुन अन्तिममा'

कास्की, १९ मङ्सिर/रासस

युवा तथा खेलकूदमन्त्री तेजुलाल चौधरीले केही दिनभित्रै १०औं राष्ट्रिय खेलकूदको नयाँ मिति घोषणा हुने बताएका छन् । पोखरा रङ्गशालामा आज खेल क्षेत्रका विभिन्न व्यक्तिसँगको छलफलमा मन्त्री चौधरीले यस अघि मङ्सिरमा कर्णाली प्रदेशमा तय भएको प्रतियोगिता तयारीका लागि समय नपुगेको र केही पूर्वाधार निर्माणको काम बाँकी रहेकाले समयमै गर्न नसकिएको बताए । उनले आगामी फागुन अन्तिम सातामा गर्नेगरी तयारी गरिएको र शुक्रबार मिति घोषणा हुने जानकारी दिए ।

"खेल पूर्वाधार निर्माणको कार्य नसकिएकाले मङ्सिरमा राष्ट्रिय खेलकूद हुन सकेन । अब फागुन अन्तिम साता गर्ने लक्ष्य राखेका छौं," मन्त्री चौधरीले भने । पोखरामा खेलकूदका पूर्वाधार निर्माणका लागि आगामी वर्षको बजेटमा व्यवस्था गर्ने उनले प्रतिबद्धता जनाए । नेपालमा सन् २०२७ मा हुने यू–१९ महिला विश्वकप क्रिकेटका लागि पोखरामा समेत खेल सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न बजेट विनियोजन गर्न सरकार प्रतिबद्ध रहेको मन्त्री चौधरीले उल्लेख गरे । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को टोलीले सन् २०२७ मा हुने १९ वर्षमुनिको महिला विश्वकपका लागि केही दिन अघि पोखराको क्रिकेट मैदान निरीक्षण गरेको थियो । आइसिसीले खेल पूर्वाधार निर्माण भएको खण्डमा यहाँ खेलाउन सम्भव हुने जनाएको थियो । पोखरामा खेलकूदको धेरै सम्भावना रहेको र खेल पूर्वाधारसमेत अन्यत्रभन्दा राम्रो रहेकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न सम्भव हुने मन्त्री चौधरीको भनाइ थियो ।

## एशिया कपमा सहभागी नेपाली टोली स्वदेश फर्कियो

काठमाडौं, १९ मङ्सिर/रासस

एशियन क्रिकेट काउन्सिल (एसिसी)को आयोजनामा संयुक्त अरब इमिरेट्स (युएई) मा जारी पुरुष यू–१९ एशिया कप–२०२४ सहभागी भई नेपाली टोली स्वदेश फर्किएको छ ।

पुरुष यू–१९ एशिया कपका खेलहरू खेलेर नेपाली टोली बुधवार साँझ स्वदेश फर्किएको हो । एशिया कपमा तीन खेल खेलेको नेपाली टोलीले एक खेलमा जीत हासिल गरेको थियो । नेपालले मङ्गलवार अफगानिस्तानलाई भने एक विकेटले पराजित गर्दै सान्त्वना जीत निकालेको थियो । नेपालले पहिलो खेलमा श्रीलङ्कासँग ५५ रन र दोस्रो खेलमा बङ्गलादेशसँग पाँच विकेटले पराजित हुँदै एशिया कपबाट बाहिरिएको हो ।